"सहिदभूमि गाउँपालिकाको समृद्धिः शिक्षा,स्वास्थ्य,पर्यटन र कृषि"
# सहिदभूमि गाउँपालिका
Sahidbhumi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of The Rural Municipal Executive
पिप्ले, धनकुटा,
Piple, Dhankuta
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

प.सं. २०८२/८३
च.नं.

## पालिका गान तथा लोगो तयारी सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मितिः २०८३/०२/२०**

यस कार्यालयको चालु आ.व. २०८२/२०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम गाउँपालिकाको पहिचान झल्कने गरी गाउँपालिका गान तथा लोगो निर्माण गर्ने कार्यक्रम रहेकाले देहायको सर्त भित्र रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा पालिका गान रचना तथा लोगो निर्माण गरी पेश गर्नुहुन रचनाकार, कलाकार तथा इच्छुक सर्जकहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**क. पालिका गान रचना तथा लोगो निर्माणका सर्तहरुः**

१. सहिदभूमि गाउँपालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा सांस्कृतिक विविधता, पुरातात्विक महत्व एवम् मौलिक विशिष्टता बोध हुनुपर्नेछ ।

२. पालिका गान रचना मूलतः शास्त्रीय मूल्य मान्यता, संरचना र नियमलाई पालना गरी रचना गरेको हुनुपर्नेछ । सहिदभूमि गाउँपालिकाको नाम अनिवार्य समावेश हुनुपर्नेछ।

३. पालिका गानको संरचना सहितको स्थायी तथा अन्तरा बढीमा तीन भागको हुनु पर्नेछ । गीत गायनका लागि बढीमा १.३० मिटनेसम्म गाउन सकिने देवनागरी लिपिमा लेखिने नेपाली भाषामा बढीमा चालिस देखि पचास शब्दको उल्लिखित मौलिक विशिष्टता झल्कने हुनुपर्नेछ ।

४. पालिका गानमा मर्यादित अर्थ संयोजन, भाव संयोजन, रस, अलङ्कार, प्रतिक, विम्ब, अनुप्रास प्रयोग भएको हुनुपर्नेछ।

५. रचयिताले पालिका गानमा प्रयोग भएका शब्दहरूको संक्षिप्त व्याख्या गर्नुपर्नेछ । नेपालको सार्वभौमिकता, राष्ट्रिय एकता, अखण्डता, सहिष्णुता तथा जातीय, भाषिक, धार्मिक, सांस्कृतिक एकता र पारस्परिकतामा आँच आउने शब्द प्रयोग गर्न पाईने छैन।

६. पालिकाको लोगोमा नेपालको झण्डा, गाउँपालिकाको नाम समावेश भएको निसान छापकै आकारमा स्थानीय मौलिकता तथा एकता झल्कने बहुरङ्गी किसिमको हुनुपर्ने र लोगोमा प्रयोग भएका प्रतिकहरुको संक्षिप्त व्याख्या सहितको विद्युतीय प्रतिसमेत पेश गर्नुपर्नेछ ।

७. अन्य पालिकाको लोगो भन्दा भिन्न र मौलिक प्रकृतिको हुनुपर्नेछ । लोगो सरल, स्पष्ट तथा सहज रुपमा बोधगम्य हुनुपर्नेछ।

८. पालिका गान र लोगोमा धार्मिक, जातीय, साम्प्रदायिक विभेद झल्कने, सामाजिक सद्भाव, सार्वभौमिकता, एकता तथा अखण्डतामा खलल पुग्ने शब्द वा प्रतिक प्रयोग गर्न पाइने छैन ।

९. पालिकाको लोगोले गाउँपालिकाको ऐतिहासिकता, भौगोलिक अवस्थिति, प्राकृतिक सम्पदा, पर्यटकीय क्षेत्र, सामाजिक तथा सांस्कृतिक विविधता, पुरातात्विक महत्व एवम् विशिष्टता झल्काउनु पर्नेछ ।

१०. पालिका गान तथा लोगोको प्रस्ताव खाम बन्दी गरी गाउँपालिकाको प्रशासन, योजना तथा अनुगमन शाखामा बुझाउनु पर्नेछ ।इमेल मार्फत पालिका गान तथा लोगोको प्रस्ताव पठाउन चाहने रचनाकारले

प.सं. २०८२/८३

च.नं.

sahidbhumirural@gmail.com मा इमेल गरी पठाउन सक्नुहुनेछ । साथै लोगोको विद्युतीय प्रति समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

११. पालिका गान तथा पालिकाको लोगोको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ ।स्वीकृत पालिका गान तथा पालिकाको लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र रचनाकार तथा सिर्जनाकारले अन्यत्र प्रयोग गर्न पाउने छैन। साथै रचनाकार तथा सृजनाकारले रोयल्टी दावी गर्न पाउने छैन ।

१२. पालिका गान तथा पालिकाको लोगो छनोट भएमा उक्त रचनाकार/सृजनाकारलाई कार्यपालिकाको निर्णयानुसार उचित सम्मानपत्र तथा नगदबाट सम्मान गर्न सकिनेछ ।

१३. रचनाकार/सृजनाकारले पालिका गान/लोगोको रचना गर्दा प्रतिलिपी अधिकार तथा बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको पूर्ण पालना गर्नुपर्नेछ ।

१४. पालिका गान तथा पालिकाको लोगो पेश गर्दा रचनाकार/सृजनाकारले तपसिल बमोजिमका विवरण उल्लेख गर्नुपर्नेछ :

<u>तपसिल</u>

- रचनाकार/सृजनाकारको नाम थरः
- स्थायी ठेगाना/ पत्राचार गर्ने ठेगानाः
- सम्पर्क नं.
- इमेल ठेगाना (उपलब्ध भएमा)
- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ख. पालिका गान तथा लोगो छनोट प्रक्रिया

१. पालिका गान तथा लोगोको छनोट विषय विज्ञ सहितको छनोट समितिबाट छनोट प्रक्रिया सञ्चालन गरिनेछ ।

२. पेश भएको पालिका गान तथा लोगो मध्ये उत्कृष्ट पालिका गान तथा लोगोको रचनाकार/कलाकार/सृजनाकारलाई कार्यपालिकाको निर्णयानुसार उचित सम्मानपत्र तथा नगदबाट सम्मान गर्न सकिनेछ ।

३. पालिका गान रचनाकार तथा लोगो तयारी कर्ताले छनोटका क्रममा आफूले तयारी गरेको लोगो वा रचना व्याख्या सहित प्रस्तुत गर्नुपर्नेछ ।

४. पेश भएको पालिका गान तथा पालिकाको लोगोको सन्दर्भमा छनोट समितिबाट आवश्यक परिमार्जनका लागि सुझाव प्राप्त भएमा परिमार्जन गरी उक्त गान स्वीकृत गर्न सकिनेछ ।

५. छनोट समितिको सिफारिसमा पालिका गान तथा पालिका लोगो गाउँ कार्यपालिकाबाट स्वीकृत गरिनेछ ।

६. पालिका गान तथा लोगो निर्माण सम्बन्धी अन्य सर्तहरु कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

नोटः थप जानकारीका लागि सम्पर्क नं. ९८५२०६४५३५/९८५२०६४५३६

.............................

सूर्यबहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत